संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

**बितरक चाहियो**

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो । सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▸▸ अंक ३३१ ▸▸ असार ६ आईतबार ,२०७८, June – 20 Sunday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. ५/- www.majhkharka.com

## कोविडले यसपाली पनि विकासमा धक्का

❖ महेश्वर चामलिङ

*उदयपुर, असार ५*

यसवर्ष पनि कोविडका कारण विकासे बजेट (पुँजीगत रकम) खर्च हुन नसक्ने देखिएको छ । आर्थिकवर्ष समिन ३ सातामात्र बाँकी रहँदासम्म कोविडकै निशेधाज्ञा जारी रहेका कारण विकास निर्माणको काम समयमा गर्न नसक्ने भएकाले यो वर्ष पनि पैसा फिज हुने निश्चित प्राय छ ।

असार पहिलो साता बित्दासम्म कोविडले विकासे योजनाहरुको काम गर्न नपाएको अवस्था छ । वैशाख तेस्रो सातादेखि लगातार जारी निशेधाज्ञाका कारण पुँजीगत रकम ६० प्रतिशत पनि खर्च हुन नसकेको अवस्थामा अझै निशेधाज्ञा खुल्ने निश्चित नभएकाले यो वर्ष पनि बजेट खर्च गर्न हम्मे हुने अनुमान गरिएको छ ।

आर्थिकवर्षको अन्तिममा योजना छनौट गर्ने, उपभोक्ता समिति गठन गरेर सम्झौता गर्दै हतार हतार काम गर्ने हाम्रो परम्परा रहदै आएकोमा कोविड पनि यसैबेला आई लागेपछि काम गर्न नसकेर खर्च हुन नसक्ने समस्या आईपरेको हो । भौतिक पूर्वाधारको काम हरेक वर्षको चैतदेखि असारसम्ममा गर्ने अवधि (पिक सिजन) हो । तर, यसैबेला कोविड महामारी फैलिएका कारण lgz]wf1f - *बाँकी २ पेजमा*

- बाँकी २ पेजमा

## कुन पालिकामा कति बजेट ?

❖ मुलुकी संवाददाता



क्याप्सन: कोविडकै बेला मदन भण्डारी लोकमार्गको गाईघाट-कटारी खण्डको मौवासीमा सडक मर्मत गर्दै । तस्विर: मुलुकी

*उदयपुर, असार ५*

उदयपुरका ४ नगर पालिका र ४ गाउँपालिका गरी ८ वटा स्थानीयतह सबैमा ० प्रतिशत हाराहारी रकम कोलेनिकाले निकासा दिइसकेको छ । स्थानीयतहका लागि बिनियोजित - *बाँकी ३ पेजमा*

- बाँकी ३ पेजमा

## गाईघाट बजारको सिसि क्यामेरा कसले बनाउने ?

❖ बुद्धि कुमार राई

*त्रियुगा, असार ५*

उदयपुर जिल्लाको सदरमुकाम रहेको गाइघाट बजारको अधिकाङश सिसि क्यामेरा (क्लोज सर्किट) ले काम गर्दैनन् । १६ वटा वडा रहेको त्रियुगा नगरपालिकाभरी जम्मा ३८ वटा सिसि क्यामेराहरु छन ।

नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारमा १६ वटा, वडानम्बर१० बोक्सेमा १६ वटा, वडा नम्बर ६ जलजले लालपत्ता छेत्रमा ४ वटा, वडा नम्बर१२ पुरानो गाईघाट पुलचोकमा १ वटा, वडा नम्बर ३ डियमगेट मोतिगडामा २वटा र वडा नम्बर १३ पुरानो गाईघाट असारीमा दुई वटा सिसि क्यामेराहरु छन ।

यी मध्ये १६ वटा सिसि क्यामेराहरुले मात्र काम गरिरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरको तथ्याङकले जनाएको छ । नगरपालिका भित्रका २२ वटा सिसि क्यामेराहरुले काम गर्दैन । २ बर्ष अघिदेखि जडान गरिएको सिसि क्यामेराहरु अहिले अधिकाङ्श बिग्रेको कारण बजारको निगरानीमा समस्या आइरहेको छ ।

अहिले गाईघाटको मुख्य चोकको ३ वटा, गाईघाट लोकतान्त्रिक पिपपचोक, आँखा अस्पताल बोक्से, बैङक लाइन गाईघाट, टेम्पु चोक गाईघाट, अस्पताल चोक, जिल्ला प्रशासन कार्यालय उदयपुरको ४ वटा, अस्पताल चोक बोक्से, कबडहल बोक्से, जिल्ला प्रहरी कार्यालय उदयपुर परिसर दुई वटा, जलजले चोक दुई वटा क्यामेराहरुले मात्र काम गरिरहेको छ ।

काम नगर्ने सिसि क्यामेराहरुमा झमेली चोक गाईघाट, त्रियुगा बसपार्क, एसके पेट्रोल पम्प, पिजि चोक, डियमगेट, बोक्से चोक, मालपोत कार्यालय बोक्से जाने चोक, जिल्ला कारागार जाने चोक, जिल्ला प्रशासन कार्यालय जाने चोक, गाईघाट मुख्य चोक, पुरानो गाईघाट चोक, बस्वा खोला असारी पुल, तरकारी बजार जाने बाटो, गाईघाट पिपल चोक, करमगाछी चोक, ढिम्की मन्दिर, साउने जाने बरुवा खोलाको पुल, बाबरी जाने बाटोको पुल, सिमलटार जाने बाटो, जलजले ढाट, लालपत्ता प्रहरी चौकीको ढाटको सिसि क्यामेराहरु चल्दैनन् ।

सिसि क्यामेराको मर्मत सम्भारको बारेमा नगर प्रमुख मेयर बलदेब चौधरीले सिसि क्यामेरा जिल्ला प्रहरी कार्यालय उदयपुरको जिम्मा भएकोले उनिहरुलेनै सिसि क्यामेरा बनाउन पहल गर्नु पर्ने बताय । मेयर चौधरीले सिसि क्यामेरा चाँडो बनाउनु पर्ने र यसको लागि नगरपालिकाले सहयोग गर्ने बताय ।

पहिले सिसि क्यामेरा जडान गर्ने समयमा बजार

-बाँकी ३ पेजमा

**सगरमाथा डिपाटमेन्ट**

**स्टोर, गाईघाट, उदयपुर**




सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामान्हरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर

प्रोपाइटर - **किरण चामलिङ राई**

**आकर्षक घर बिक्रिमा**



उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि एक सय मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।
घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ मापद्धन्द अनुसार पुर्वाधार भएको घर ईच्छुक ब्यात्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क - ९८४२८३७१७४/९८०३४८८९९३

# अध्यक्षले खोपमा मनोमानी गरे

❖ मुलुकी सम्वाददाता

*गाईघाट, असार ५*

अध्यक्षले कोरोनाको खोपमा मनोमानी गरे त्रियुगा उधोग बाणिज्य सङ्घ उदयपुरको अध्यक्ष गजेन्द्र भगतले कार्यसमितिमा छलफल नै नगरी बाणिज्य सङ्घको नामको कोटामा आएको ६ वटा खोप मनोमानी ढङ्गले बितरण गरेको भन्दै बिरोध भएको छ।

१२ सदस्यिय कार्यसमिति मध्ये बाणिज्य सङ्घका बरिष्ठ उपाध्यक्ष रमेश रसाइलिको अध्यक्षमा १० जना पदाधिकारी र सदस्य बसेको बैठकले अध्यक्ष को कार्य शैली प्रती घोर बिरोध गरेका छन । त्रियुगा उधोग बाणिज्य सङ्घको नाममा आएको कोटाको ६ वटा खोप कार्यसमितिमा जानाकारी नै नदिइ अध्यक्ष गजेन्द्र भगतले आफू खुशिका मानिसलाई खोप हान्न दिएको भन्दै बिरोध गरेको हो ।

असार ३ गते बुधबार



जिल्ला प्रहरी कार्यालयमा उदयपुरमा लगाइएको खोपमा ६ वटा खोपहरु अध्यक्ष गजेन्द्र भगत, सचिब दिनेश श्रेष्ठ, सन्जिप श्रेष्ठ, सुनिल साह, पर्शुराम चोउधरी, एकराज बस्नेतले खोप लगाएका थिए। खोप लगाएको भोलि पल्टै असार ४ गते बिहिबार बसेको बैठकले अध्यक्ष भगतले आफुखुशी कार्य गरेकाले बैठक नै बसेर बिरोध गर्नु परेको उपाध्यक्ष रसाइलिले बताए ।

उपाध्यक्ष रसाइलीले भने कति कोटा आएको हो ? क कसले खोप हान्ने भनेर कार्यसमितिमा छलफल गरेर खोप हान्ने सल्लाहा गर्नु पर्ने उनिहरुको माग रहेको छ। यो बारेमा अध्यक्ष गजेन्द्र भगतले भने यो ६ वटा खोप बापिज्य सङ्घलाई नभइ ब्यापारिहरुलाई आएको र त्यसै अनुसार खोप लगाएको बताए ।

बैठकमा बरिस्ठ उपाध्यक्ष रमेश रसाइली, उपाध्य हस्तमाया राई, सदस्यहरु बिनोद पाण्डे, सरोज बस्णेत, नवीन बस्नेत, टीका श्रेष्ठ, केदार थापा, योग नारायण श्रेष्ठ, रुपम अनुराग गुप्ता, बिष्णु राइको उपस्थिति रहेको थियो। बैठकले अध्यक्ष गजेन्द्र भगतले सस्थालाई ब्यात्तिगत रुपमा चलाएको भन्दै घोर बिरोध गरेको छ।

**असार ५ गत्ते शनिबार गाईघाटको तरकारी बजार भाउ**

| | | |
|---|---|---|
| १, | आलु | रु ४० |
| २, | अदुवा | रु १२० |
| ३, | टमाटर | रु ६०-७० |
| ४, | बन्दा | रु ५० |
| ५, | भेन्टा | रु ६० |
| ६, | खुर्सानी | रु १०० |
| ७, | मुला | रु ७०-८० |
| ८, | पर्बल | रु ७०-८० |
| ९, | तितेकरेला | रु६० |
| १०, | भिन्डी | रु ६० |
| ११, | च्याउ | रु २०० |
| १२, | फुलकोबी | रु १०० |
| १३, | फर्सि | रु ३०-४० |
| १४, | कटहर | रु ४० |
| १५, | काका | रु ५० |
| १६, | धनियाँ | रु ८० |
| १७, | लोकलबोडि | रु ८० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु १०० |
| २०, | लट्टे साग | रु ६० |
| २१, | प्याज | रु ६० |
| २२, | निगुरो | रु २० |
| २३, | दुध | रु ७० |
| २४, | दहि | रु ९० |
| २५, | महि | रु ५० |
| २६, | घिउ | रु ७०० |
| २७, | रागाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसिको मासु | रु १००० |
| ३०, | कसखुराको मासु | रु ३०० |




**एस एण्ड एस सप्लायर्स**

त्रिनपा - १० बोक्से यलम्बरटोल। यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ साथै रागा,बंगुर र ब्रोईलरकुखुराको मासु पनि उपलब्ध छ।

प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२



**हामी सबैको। रोजाइ रौता साबुन ॥**





# युवालाई लागुपदार्थ सेवनबाट रोक्न सकिने उपायहरु



भुबन चामलिङ राई

सरल रुपमा लागुपर्दाथ भन्नाले कुनै पनि नसालु पदार्थ बुझिन्छ। कतिपय समाजमा यस्को बहिस्कार भएपनि समस्याको हलभने कसैले सोचिरहेको हुदैन । भन्नुपर्दा लागुपदार्थको सेवन धैरै जसो नैजवान युवायुवतिहरुले गर्ने गर्दछन ।

हामिले सोचन्नुपर्ने कुरे यो हो कि उनिहरु किन त्यसप्रति फस्दै गइरहेका छन । र यस्लाई रोक्न हामीले रोक्न कस्तो कस्तो प्रयत्न गर्न सकिन्छ । धैरेजसो कतिपय व्याक्तिहरुले यस्तो सोचिरहेको हुन्छ कि उनिहरुले लागुपर्दाथ रमाईलो पनकोलागि सेवन गर्ने गर्छन ।

तर कतिपय युवायुवतिहरु विभिन्न कुरा जस्तै डिप्रेसन,एक्लोपना,मित्रसंगत र ट्रेन्डीङहरु जस्तो कुराहरुले पनि लागुपदार्थको सिकार भैरहेको हुन्छन । अब हामीले सोच्नुपर्ने कुरो यो हो कि हामिले यस कुराको समाधान गर्न कसरी सकिन्छ । साधरणतय हामी आप्नो कार्यहरुमा व्यास्तता रहने गर्दछौ । हामीसंग समय भएता पनि हामी यस्कुरा प्रति चासो दिदैनौ । हामीले गर्न सक्ने पहिलो कुरा केयर एण्ड एफेक्सन हो । हामीलाइ थाहा हुदैन कि उनिहरुभित्र के चलिरहेको हुन्छ । हामीले उनिहरुप्रति धैरे चासो दिइरहेको हुदैनौ ।

त्यसैले पहिलो रुपमा हामिले अपनाउन सक्ने उपाय केयर एण्ड एफेक्सन रहेको छ । सरल रुपमा भन्नुपर्दा हामीले उनिहरुप्रति चासो राख्ने,उनिहरुसंग समय व्यतित गर्न ,उनिहरुभित्र चलिरहेको कुरामा चासो लिने साथै उनिहरुलाइ पनि केहिरुपमा प्रथमिक्ता दिने हो भने ,उनिहरुमा परिर्वतन देख्न सकिन्छ ।

र दोस्रो रहेको छ इन्सपिरेसन एण्ड मोटिभेसन कतिपय व्याक्तिहरु आत्मिक र अध्यात्मिक रुपले कमजोर हुने गर्दछन साथै उनिहरुमा केहि गर्ने आत्माबल कम भएको कारण पनि उनिहरु लागुपदार्थ सेवन गर्ने गर्दछन ।हामीले उनिहरुलाई विभिन्न राम्रो कुरामा प्रेरित गर्न सकिन्छ। जस्तै खेलकुद,कलाकृति विज्नेस व्यापार साथै अन्य राम्रो कुराहरुमा व्यावहारिकरुपले प्रेरित गर्न सकिन्छ।

उनिहरुलाई राम्रो कुराको दर्शन गराउन सकिन्छ। युवायुवातिहरुलाई लागुथदार्थ नलिन तथा त्यस्लाई इन्कार गर्न प्रेरित गर्न र उनिहरुमा भएको राम्रो कुराहरुलाई जोस जागर प्रदान गर्दै नयाँ उत्साहा प्रदान गर्ने हो भने उनिहरु लागुपदार्थको सेवनबाट बच्छन। र तेस्रो रहेको छ पोपर यजुकेसन । युवायुवतिहरु अशिक्षीत रहेका कारण पनि लागुपदार्थको सिकार बन्न पुग्छ।

पहिलो कुरा भन्नुपर्दा उनिहरुलाइ लागुपदार्थको असर व्यापकाइदा हरु बारे सचेत गराउने उनिहरुलाइ उचित शिक्षा प्रदान गरी उनिहरुमा जनचेतान जागृत गराउने जस्ता कुराहरु गर्न सकियो भने हामिले उनिहरुलाइ लागुपदार्थको सिकार हुनबाट बचाउन सकिन्छ ।

## कोविडले .....

लगाउनु परेपछि काममा बाधा खडा भएको हो ।

उदयपुरमा कोविड नियन्त्रण गर्ने भन्दै प्रशासनले वैशाख २५ देखि जिल्लाभर निशेधाज्ञा लगाउँदै आएको छ। आउँदो ७ गतेसम्म कायम रहने निशेधाज्ञा अझ १ साता बढाउनुपर्ने मनसाय प्रशासनको छ। गाउँगाउँमा अझै संक्रमण देखिन नछाडेका कारण पनि निशेधाज्ञा खुकुलो पारे पनि रोकिहाल्ने अवस्था नभएको प्रशासनको धारणा छ । निशेधाज्ञाकै कारण विकासे काम गर्न नसकेपछि पुँजीगत रकम खर्च हुन नसक्ने समस्या आईपरेको हो ।

कोविडको कहरले जिल्लाभर निशेधाज्ञा लागू गरिए पनि रकम निकासा भने नियमित भईरहेको कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) उदयपुरले जनाएको छ । कोलेनिकाका अनुसार जिल्लाका सबै संघीय कार्यालय तथा थानीयतहहरुलाई बिनियोजित र कम माग बमोजिम निकासा गर्ने काम भईरहेको छ।

कोलेनिकाका सूचना अधिकारी गणेशप्रसाद आचार्यका अनुसार सम्बन्धित कार्यालयले माग गरे अनुसार बिनियोजित बजेटमध्ये ० प्रतिशतभन्दा बढी हिस्सा निकासा दिईसकिएको छ । आचार्यले जिल्लाका सबै विषयगत कार्यालय र गाउँ तथा नगरपालिकाहरुलाई ८० प्रतिशतभन्दा बढी रकम निकासा पठाईसकेको बताए । उनका अनुसार चालुवर्ष उदयपुरलाई ४ अर्ब ५१ करोड ६९ लाख ७९ हजार २ सय ९७ रुपैंया बजेट बिनियोजन गरिएकोमा जेठ मसान्तसम्म ३ अर्ब ६६ करोड २ लाख ३० हजार ६ सय १३ रुपैंया अर्थात ८१.०९ प्रतिशत रकम निकासा भईसकेको छ।

चालुतर्फ २ अर्ब ३७ करोड ६३ लाख १५ हजार ४ सय २० बिनियोजितमध्ये ७६.५५ प्रतिशत अर्थात १ अर्ब १ लाख ९० हजार १५ हजार ३ सय ६१ रुपैंया निकासा गरिसकेको उनले बताए । त्यस्तै पुँजीगततर्फ २ अर्ब १४ करोड ६ लाख ६३ हजार ८ सय ७७ रुपैंयामध्ये १ अर्ब ८४ करोड ३ लाख १५ हजार २ सय ५२ रुपैंया अर्थात ८६.१३ प्रतिशत निकासा भईसकेको छ ।










